का.जि.प्र.का.द.नं. १००/०५९/६०

४ वैशाख २०८१,

मंगलबार

16 April 2024,

Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक ६३ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

# ओली र प्रचण्डसँग बिच्किए माधव नेपाल

सहकार्यको एक महिनामै एमाले अध्यक्ष केपी शर्मा ओली, माओवादी अध्यक्ष एवम् प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालबीच सम्बन्धमा चिसोपना आएको छ । मुख्य तीन नेतामध्ये ओली र नेपाल सार्वजनिकरुपमै आलोचनामा उत्रिएका छन् ।

> मुख्यमन्त्रीको दाबी गर्ने कुरा थियो सुदूरपश्चिममा । एस भन्ने पार्टी छ एउटा, त्यसले अराजनीतिक निर्णय लियो । तर त्यसले कुनै फरक पार्नेवाला छैन ।
>
> **केपी ओली**
> **अध्यक्ष, एमाले**

> सुदुरपश्चिम प्रकरण प्रचण्ड र केपी ओलीले सहमति पालना नगर्दाको परिणाम हो । संघमा तत्काल समीकरण भत्काउन लाग्दैनौं । तर सधैं हेपिएर, पेलिएर बस्दैनौं ।
>
> **माधव नेपाल**
> **अध्यक्ष, एकीकृत समाजवादी**







**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ३ वैशाख ।

नेकपा एकीकृत समाजवादी सुदूरपश्चिम प्रदेशमा नेपाली कांग्रेसको नेतृत्वमा नयाँ सरकार बनाउन सहयोगी हुन खोजेपछि संघीय सत्ता गठबन्धनमा दलहरु झस्किएका छन् । यो विषयलाई लिएर सोमबार सार्वजनिक रुपमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालको खुलेरै आलोचना गरे । माधव नेपालले पनि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र एमाले अध्यक्ष ओलीबाट आफूहरुमाथि सम्मानको व्यवहार नभएको बताएका छन् ।

वामपन्थीहरुबीच एकताको लागि भन्दै सहकार्य गरेको एक महिनामै एमाले अध्यक्ष ओली, माओवादी अध्यक्ष एवं प्रधानमन्त्री प्रचण्ड र नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालबीच सम्बन्धमा चिसोपना आएको हो । २१ फागुनमा माओवादी केन्द्रले कांग्रेससँगको गठबन्धन तोडेपछि एकीकृत समाजवादी नयाँ गठबन्धनमा मौन रहेको थियो । प्रधानमन्त्री प्रचण्ड र केपी ओली स्वयमले माधव नेपाललाई भेटेर मनाएका थिए । त्यसपछि ३० फागुनमा प्रधानमन्त्री प्रचण्डले विश्वासको मत लिँदा एकीकृत समाजवादी समेतले विश्वासको मत दिएको थियो ।

त्यसयता सहकार्य भएको एक महिना केही दिन मात्रै भएको छ । तर, मुख्य तीन नेतामध्ये ओली र माधव नेपाल सार्वजनिक रुपमै आलोचनामा उत्रिएका छन् ।

सोमबार बसेको पार्टीको संसदीय दलको बैठकलाई सम्बोधन एमालेका अध्यक्ष ओलीले नेकपा एकीकृत समाजवादीले दक्षिणपन्थी अवसरवादी चरित्र नांगो ढंगले प्रकट गरेको भन्दै आक्रोश पोखे ।

'मुख्यमन्त्रीको दाबी गर्ने कुरा थियो सुदूरपश्चिममा । एस भन्ने पार्टी छ एउटा त्यसले अराजनीतिक निर्णय लियो' ओलीले भनेका छन्, 'तर, त्यसले कुनै फरक पृष्ठ २ मा

# कोशीमा सरकार फेर्न संकल्प प्रस्ताव

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३ वैशाख ।



कोशी प्रदेशमा सरकार फेर्न प्रदेश सभामा संकल्प प्रस्ताव पेश भएको छ । नेकपा एमाले र नेकपा माओवादी केन्द्रले कोशी प्रदेशमा सरकार फेर्ने उदेश्यले ८ बुँदे संकल्प प्रस्ताव लगेका हुन् ।

एमाले कोशी प्रदेश संसदीय दलका प्रमुख सचेतक रेवतीरमण भण्डारी प्रस्तावक रहेको प्रस्तावमा माओवादी केन्द्रका प्रदेशसभा सदस्य गणेश उप्रेती र एमालेका प्रदेशसभा सदस्य किशोरचन्द्र दुलाल समर्थक रहेका छन् ।

कुनै पनि सरकार रहन्छ वा रहँदैन भन्ने प्रश्नको निरुपण संविधान, कानुन र अभ्यासले गर्ने विश्वास गरिन्छ । अन्यथा, अदालतले निकास दिने गदर्छ । यी कुनै पनि विकल्पमा नगएर कोशी प्रदेशमा सरकार फेर्न संकल्प प्रस्ताव दर्ता भएको हो ।

> कुनै पनि सरकार रहन्छ वा रहँदैन भन्ने प्रश्नको निरुपण संविधान, कानून र अभ्यासले गर्ने विश्वास गरिन्छ । अन्यथा, अदालतले निकास दिने गर्दछ । यी कुनै पनि विकल्पमा नगएर कोशी प्रदेशमा सरकार फेर्न संकल्प प्रस्ताव दर्ता भएको छ ।

संकल्प प्रस्तावमा बैशाख २५ गतेभित्र मुख्यमन्त्री केदार कार्कीले विश्वासको मत लिनुपर्ने अथवा राजीनामा दिनुपर्ने उल्लेख छ । वैशाख २५ भित्र राजीनामा पनि नदिए र विश्वासको मत पनि नलिए मन्त्रिपरिषद्का कुनै पनि निर्णय कार्यान्वयन गर्न बाध्य नहुने व्यहोरा पनि संकल्प प्रस्तावमा उल्लेख छ ।

संकल्प प्रस्तावमा कोशी प्रदेशसभा एमाले संसदीय दलका नेता हिक्मतकुमार कार्कीको नेतृत्वमा वैकल्पिक सरकार दिन सक्षम रहेको पनि उल्लेख गरिएको छ ।

प्रदेश प्रमुख पर्शुराम खापुङले बैशाख ६ गतेलाई कोशी प्रदेशसभा बैठक बोलाएका छन् । सभा बस्नुअघि एमाले र माओवादीले सरकार फर्ने उदेश्यले संकल्प प्रस्ताव प्रदेश सभा मा पेश गरेका हुन् ।

यसअघि एमाले र माओवादी केन्द्रले सरकारलाई दिएको समर्थन फिर्ता लिदै प्रदेशको अधिवेशन माग गरेका थिए । दुई दलको माग अनुसार प्रदेश प्रमुख परशुराम खापुङले ६ वैशाखमा प्रदेशसभाको अधिवेशन बोलाएका हुन् ।

सर्वोच्च अदालतको परमादेशबाट संविधानको धारा १६८ को उपधारा ३ बमोजिम सबैभन्दा ठूलो दलको हैसियतमा मुख्यमन्त्री नियुक्त भएका हिक्मत कार्कीले विश्वासको मत लिन नसकेपछि कार्की गैरदलीय हैसियतमा असोज २७ गते उपधारा ५ बमोजिम मुख्यमन्त्री नियुक्ति भएका थिए ।

अल्पमतको सरकारले विश्वासको मत लिन नसकेपछि संविधानमा कुनै पनि सदस्यले विश्वासको मत प्राप्त गर्न सक्ने अवस्था भएमा प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्ति गर्ने व्यवस्था छ । गैरदलीय हैसियतमा मुख्यमन्त्री बनेका कार्कीले ३० दिनभित्र विश्वासको मत प्राप्त गरिसकेको अवस्थामा वैकल्पिक पृष्ठ २ मा




सुरुङमार्गको ब्रेक थ्रु

# सिस्नेखोलाबाट ३ मिनेटमै थानकोट–बलम्बु

> कुनै प्रकारका अवरोध नहुँदा सिस्नेखोलाबाट थानकोट-बलम्बु यात्राका लागि ३६ मिनेट लाग्छ । तर नागढुगा-सिस्नेखोला सुरुङमार्ग सञ्चालनमा आएपछि उक्त दुरी तीन मिनेटमै पार गर्न सकिन्छ ।

**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं ३, चैत ।

नागढुगा-सिस्नेखोला सुरुङमार्ग 'ब्रेक थ्रु' भएको (छिचोलिएको) छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सोमबार स्वीच थिचेर सुरुङ मार्गको ' ब्रेक थ्रु' गरेका हुन् ।

'ब्रेक थ्रु' समारोहमा प्रधानमन्त्रीसहित उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठ, सांसद लगायतका सरकारी उच्च अधिकारीको पुगेका थिए ।

'ब्रेक थ्रु' संगै धादिङ र काठमाडौं दुवैतर्फबाट खनिएको सुरुङ एकआपसमा छिचोलिएको हो । धादिङको सिस्नेखोला र काठमाडौँको चन्द्रागिरि नगरपालिका-१ मा रहेको टोटीपाखामा सुरुङ जोडिएको छ । ब्रेक थ्रु भएपनि सुरुङ मार्गमा सवारी साधन गुड्नको लागि अझै १ वर्ष लाग्ने पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# निवर्तमान श्रममन्त्रीको निर्णय स्थगन पनि वर्तमान श्रममन्त्रीद्वारा प्रगतिको दाबी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ वैशाख

तत्कालीन श्रममन्त्री शरतसिंह भण्डारीद्वारा गरिएका कतिपय निर्णयहरुलाई स्थगन गरिएको कार्य पनि आफ्नो एक महिने कार्यकालमा भएको प्रगतिको दाबी वर्तमान श्रममन्त्री डोलप्रसाद अर्यालले गरेका छन् । सोमबार आफ्नो एक महिनाको प्रगति विवरण सार्वजनिक गर्ने क्रममा मन्त्री अर्यालले यस्तो दाबी गरेका हुन् । मन्त्री अर्यालले गत वर्ष चैत २५ गतेदेखि यस वर्षको चैत २४ गतेसम्म ७ लाख ६ हजार ४ सय २७ नेपालीले वैदेशिक रोजगारीमा जानका लागि श्रम स्वीकृति लिएको उल्लेख गरेका छन् ।

सो अवधिमा व्यक्तिगत श्रम स्वीकृति लिनेको संख्या ३ लाख ७१ हजार ७ सय ३० रहेको छ । मन्त्रालयले श्रम स्वीकृति लिन यसअघि करिब ८८ घण्टा लाग्ने गरेकामा आफूले मन्त्रालयको नेतृत्व लिएपछि त्यसलाई घटाएर एक घण्टामा सीमित तुल्याएको उनले बताएका छन् ।

पहिले कोटा प्रणालीबाट श्रम स्वीकृति दिने गरिएकोमा हाल त्यसलाई हटाएर २४सै घण्टा गरिएको उल्लेख गरेका छन् । यस अवधिमा वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)को सुधार गरिएकोदेखि, अन्तरमन्त्रालय समन्वय गरिएको, श्रमिक बेडको स्थापना गरिएको, श्रमाधान एप्स प्रभावकारी बनाइएको र वैदेशिक रोजगारका क्रममा स्वास्थ समस्यामा रहेका कामदारलाई टेलिमेडिसन सेवा उपलब्ध गराएको जस्ता कामदारमैत्री पृष्ठ २ मा

## अब नयाँ गन्तव्य खोज्न शुरु हुन्छ : मन्त्री अर्याल

**काठमाडौं/मस–** अघिल्लो पटक २२ दिन मात्रै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको नेतृत्व गरेका डोलप्रसाद अर्यालले यसपटक एक महिना पूरा गरे । सोमबार मासिक प्रगति विवरण सार्वजनिक गरेका मन्त्री अर्यालले वैदेशिक रोजगार प्रवर्द्धनबारे ठोस काम भने सार्वजनिक गरेनन् ।

तपाईं मन्त्रालयको नेतृत्वमा आएपछि नेपालको श्रम गन्तव्य परिवर्तन भइ खाडी तथा मलेसियाबाट जापान, कोरिया, इजरायल र युरोपेली मुलुकतर्फ मोडिने अपेक्षा थियो तर कुनै काम भएन नि भन्ने मध्यान्ह दैनिकको प्रश्नमा मन्त्री अर्यालले भने, 'यस विषयमा सोमबारमात्रै मन्त्रालयमा छलफल गरेको छु । केही दिनपछि पृष्ठ २ मा

VACANCY
ANNOUNCEMENT

Employees are needed for this manpower company so, skilled persons with their qualification certificate can contact.

| | |
|---|---|
| Marketing Manager - 1 (Female) | 1,00,000 |
| Accountant - 1 (Female) | 50,000 |
| Documentation - 1 (Female) | 50,000 |
| Receptionist - 1 (Female) | 30,000 |
| Office Helper - 1 (Female) | 15,000 |

★ Minimum 3 Yrs related fild.
★ Fluent in both speaking and writing in English.

SEND YOUR CV: saattyamintl@gmail.com
01-5199157 | 5199336
SATTYAM
INTERNATIONAL SERVICES PVT. LTD.
P o box 8713, Tinkune-32, Kathmandu, Nepal.

हार्दिक शुभकामना

नयाँ वर्ष २०८१ को उपलक्ष्यमा मेरा सम्पूर्ण साथीभाइ, इष्टमित्र, शुभेच्छुकहरूका साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, सु-स्वास्थ्य, दिर्घायु एवम् समृद्धिको

हार्दिक शुभकामना
व्यक्त गर्दछौं ।

तुलसी प्रसाद काप्री
तथा परिवार
भिक्टोरीया, वानाम्बुल, अस्ट्रेलिया

# एमाले हुम्लाको अध्यक्षमा बुमी निर्वाचित

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, ३ वैशाख

नेकपा एमाले हुम्लाको अध्यक्षमा अध्यक्षमा ज्ञामी बुमी निर्वाचित भएका छन्। पार्टीको १०औं जिल्ला अधिवेशनबाट बुमी अध्यक्षमा निर्वाचित भएका हुन्।

अध्यक्षसहित विभिन्न पदका लागि आइतबार साँझ मतदान भएको थियो। जसमा जम्मा २५८ मत खसेको थियो। बुमी १२४ मत ल्याएर विजयी हुँदा उनका निकटतम प्रतिद्वन्द्वी डबल रावतले ११९ मत ल्याए। त्यसैगरी उपाध्यक्षमा प्रकाश बहादुर शाही १६२ मत ल्याएर विजयी भए भने अर्का उम्मेदवार उब्जन मल्लले ८० मत ल्याए।

यस्तै सचिवमा तीर्थराज बोहरा १३१ मत ल्याएर विजयी भए भने अर्का उम्मेदवार गोकुल बुढाले १०३ मत ल्याए। उपसचिव खुलामा प्रदीप



लामा १३३ मत ल्याएर विजयी भए भने बुध भण्डारीले १०१ मत ल्याए। उपसचिवमा मन्जु रावल १३४ मत ल्याएर विजयी भइन् भने विमला कुमारी शाहीले ९५ मत ल्याइन्।

अधिवेशनमा दुई वटा प्यानल चुनावी मौदानमा होमिएको थियो। जसमा केन्द्रीय सदस्य रावल र छक्क बहादुर लामाको एक प्यानल र केन्द्रीय सदस्य दल फडेरा र स्थायी कमिटी सदस्य गोरग बहादुर बोगटीको एक प्यानल रहेको थियो।

यसैबीच नवनिर्वाचित पदाधिकारीले पद तथा गोपनीयताको शपथ लिएका छन्। नवनिर्वाचित पदाधिकारीसहित जिल्ला कमिटीका सदस्यहरूलाई नेकपा एमाले निर्वाचन आयोगका सचिव काशी बरालले पद तथा गोपनीयता शपथ खुवाएका नवनिर्वाचित सचिव तिर्थ राज भण्डारीले जानकारी दिए।

पद तथा गोपनीयता शपथ जिल्ला समन्वय समितिको सभा हलमा एक कार्यक्रम आयोजना गरी खुवाएको नवनिर्वाचित जिल्ला उपाध्यक्ष प्रकाशबहादुर शाहीले बताए। पद तथा गोपनियता शपथ ग्ररर्ण कार्यक्रममा स्थायी कमिटी सदस्य गोरख बहादुर बोगटी, केन्द्रीय दल रावल, छक्क बहादुर लामा र दल फडेरा, समानुपातिक कर्णाली प्रदेश संसद कलबहादुर हमाल लगायतको सहभागीता रहेको थियो।

# सिंजा गाउँपालिकाको दुई वर्षे प्रगति सार्वजनिक

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, ३ वैशाख

जुम्लाको सिंजा गाउँपालिकाले दुई वर्षे प्रगति प्रतिवेदन सार्वजनिक गरेको छ। गाउँपालिका अध्यक्ष पूर्णप्रसाद धिताल र उपाध्यक्ष सितली रोकायाले पत्रकार सम्मेलन आयोजना गरेर आफ्नो करिब दुई वर्षे कार्यकालको प्रगति सार्वजनिक गरेका हुन्। सिंजा गाउँपालिकाले खसभाषामा नीति तथा बजेट बाचनको खस पात्रो निर्माण तथा प्रयोग गरेको छ। अध्यक्ष धितालका अनुसार गाउँपालिकास्तरीय हाटबजार सञ्चालन खस सभ्यता संरक्षणका कार्यक्रमहरु गरिएको छ। अध्यक्ष धितालले खस संस्कृतिसँग जोडिएको मष्टो परम्पराको प्रवर्द्धन गर्न यस वर्ष बृहत् केदारनाथ मेला सम्पन्न गरिएको बताए।

प्रगति प्रतिवेदनमा पहिलो पटक सदरमुकाम बाहिर नराकोट इलाका प्रशासनबाटै राष्ट्रिय परिचय पत्र वितरण गरिएको अध्यक्ष धितालले जानकारी दिए। गाउँपालिकाले आफ्नै प्रशासकीय भवन सञ्चालनमा ल्याएको तथा दोस्रो तला निर्माण भइरहेको पनि उनले जानकारी दिए।

सुशासनको पाटोमा प्रगति सार्वजनिक तथा सार्वजनिक सुनुवाइ कार्यक्रमसमेत शुरुवात गरिएको उनले बताए। यसैगरी गाउँपालिकाको विकासका लागि विज्ञ समुह गठन गरी प्रस्ताव पेश गरिएको उनले बताए। अध्यक्ष धितालले आफ्नो प्रगति प्रतिवेदनमा सिंजा गाउँपालिकामा राष्ट्रिय वाणिज्य बैंक स्थापना गरिएको पनि उल्लेख गरेका छन्।

त्यस्तै ज्येष्ठ नागरिकहरुको



स्वास्थ्यका लागि घरदैलो स्वास्थ्य कार्यक्रम सञ्चालन गरिएको, जिल्लाको स्वास्थ्य नतिजाअनुसार सिंजा गाउँपालिका स्वास्थ्य शाखा उत्कृष्ट शाखाको रुपमा जनस्वास्थ्य सेवा कार्यालयले घोषणा गरको, गाउँपालिकाले शिक्षा क्षेत्रमा विद्यालय सुधारका लागि विभिन्न प्रकारका क्रियाकलापहरु गरिरहेको प्रगति प्रतिवेदनमा उल्लेख छ।

त्यस्तै सिंजा क्षेत्रकै ३ वटा स्थानीय तह हिमा, कनकासुन्दरी र सिंजाका नागरिकलाई केन्द्रमा राखेर हाल इलाका प्रशासन कार्यालयले नागरिकता बितरण गरिरहेको अवस्थामा मालपोत र नापी कार्यालयको समेत पहल भइरहेको अध्यक्ष धितालले बताए। अध्यक्ष धितालले सिंजामा नापी र मालपोत कार्यालय राख्न विभिन्न १९ वटा चरण पार गरेर प्रधानमन्त्री तथा मन्त्रिपरिषदमा प्रस्ताव पेश भएको जानकारी दिए। त्यस्तै सिंजा गाउँपालिकाको वडा नम्बर ६ मा बहुप्राविधिक शिक्षालय स्थापना गर्न नागरिकबाट जग्गा प्राप्त भइ प्रक्रिया अगाडि बढिरहेको उनले बताए। सिंजा गाउँपालिकाको सदरमुकाम जोड्ने गौरवको सडक छकालेपानीदेखी झिम्री कुनासम्मको सडक अगाडि बढाइएको र दुर्गम क्षेत्र वडा नम्बर ६ सम्म ८ मिटरको बाटो विस्तार गरिएको प्रगति विवरणमा उल्लेख गरिएको छ। गाउँपालिकाले आफ्नै खस संस्कृतिको संरक्षणका लागि हरेक वर्ष असार ३० मा काफल दिवस, चैत १२ गते धान दिवस, वैशाख १ गते तागा दिवस, साउन १ गते खस दिवस र भदौ १० गते स्याउ दिवस मनाउने पात्रो सार्वजनिक गरेको छ।

त्यस्तै गाउँपालिका उपाध्यक्ष रोकायाले महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन तथा सम्मान कार्यक्रम, शाखामार्फत महिला बालबालिका र लक्षित वर्गका कार्यक्रम सञ्चालन गरिएको जानकारी दिइन्। उनले २०७९ सालको बाढी पहिरोले क्षति पुगेका घरधुरीको राहतका लागि पहल भइरहेको जानकारी दिइन्।

कार्यक्रमम विभिन्न राजनीतिक दलहरुले सुझावसमेत राखेका थिए। नेकपा माओवादी केन्द्रले जुम्लामा आफूले नेतृत्व गरिरहेका पालिका र वडाका प्रगति सार्वजनिक गर्न निर्देशन दिएपछि गाउँपालिकाले प्रगति सार्वजनिक गरेको हो।

## ओली...

पार्नेवाला छैन।' सोमबार एकीकृत समाजवादीको पनि पार्टीको आन्तरिक बैठक थियो। उपलब्ध सचिवालयका सदस्यहरुको उक्त बैठकलाई बृफिङ गर्दै एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालले भनेका छन्, 'सूदुरपश्चिम प्रकरण प्रचण्ड र केपी ओलीले सहमति पालना नगर्दाको परिणाम हो। हामी संघमा तत्काल समीकरण भत्काउन लाग्दैनौं। तर, सँधै हेरिएर, पेलिएर बस्दैनौं।' नेकपा एकीकृत समाजवादीका उपाध्यक्ष तथा संसदीय दलका उपनेता राजेन्द्र पाण्डे, मेटमणि चौधरीलगायतका नेताहरूले एमाले र माओवादी सम्मिलित गठबन्धनको विकल्प सोच्न अध्यक्ष नेपालमाथि दबाब नै बढाएका छन्। उपाध्यक्ष पाण्डेले प्रचण्ड र ओलीले गठबन्धनको जरा काट्न थालेकाले देशभरि समस्या सिर्जना हुनसक्ने चेतावनी नै दिएका छन्। सुदूरपश्चिम प्रदेशको नेतृत्व आफूहरुलाई दिने सहमतिबाट प्रचण्ड र ओली ब्याक भएपछि नयाँ ढंगबाट अघि बढ्नुपर्ने महसुस हुन थालेको उनको भनाइ छ।

## कोशीमा...

सरकार बन्ने कि मध्यावधितिर जाने भन्ने राजनीतिक प्रश्न छ।

संघीय गठबन्धनले यो प्रदेशमा पनि सरकार बनाउन खोजिरहेको छ। केन्द्रीय गठबन्धनमा एमाले, माओवादी, राष्ट्रिय स्वतन्त्र पार्टी, जसपा र एकीकृत समाजवादी छन्। रास्वपाको प्रदेशमा उपस्थिति छैन। ९३ सदस्यीय कोशी प्रदेशमा एमालेका ४०, माओवादीका १३, नेकपा एकीकृत समाजवादीका ४ र जसपाका १ गरी ५८ सांसद छन्।

प्रतिनिधि सभाको अघिल्लो कार्यकालका दुईसहित नेपालमा विगतमा भएका पाँच वटा संसद् विघटनका फैसलामा सर्वोच्चले संसदमा सरकारको विकल्प हुन्जेल मध्यावधिमा जान नमिल्ने भनेको छ। यस अनुसार सरकार बन्न सत्ता केन्द्रीय सत्ता गठबन्धनमा रहेका दलहरुको तर्क छ। मुख्यमन्त्री कार्की आफू सरकार बन्ने व्यवस्थाको अन्तिम व्यवस्था अन्तर्गत मुख्यमन्त्री भएको दाबी गरिरहेका छन्।

कोशी प्रदेशमा २०७९ को निर्वाचनलगत्तै एमालेका हिक्मत कार्कीको नेतृत्वमा सरकार बनेको थियो। तर, उक्त सरकार केन्द्रीय गठबन्धनको परिवर्तनसँगै ढल्न पुग्यो। राष्ट्रपति निर्वाचनसँगै माओवादी कांग्रेससँगको गठबन्धनमा फर्किएपछि १६८ को उपधारा २ अन्तर्गत कांग्रेसले प्रदेश संसदीय दलका मुख्यमन्त्री उद्धव थापाको नेतृत्वमा दोस्रो सरकार बन्यो। सभामुख समेतको बहुमत हस्ताक्षरबाट मुख्यमन्त्री नियुक्त भएका थापाको सरकार अदालतबाट विघटन भयो। संविधानको सोही धाराबमोजिम दोस्रोपटक उनी मुख्यमन्त्री नियुक्त भए।

दोस्रोपटकको सरकार पनि ३० दिनभन्दा बढी टिक्न सकेन। सर्वोच्चको परमादेशबाट एमालेका नेता कार्की दोस्रोपटक मुख्यमन्त्री नियुक्त भए। तर, उनले पनि विश्वासको मत लिन नसकेपछि संविधानको धारा १६८ (५) बमोजिम केदार कार्की मुख्यमन्त्री बने। फेरि सत्ता समीकरण बदलिएपछि कोशीमा सरकार फेर्ने पर्यास भइराखेको छ। मुख्यमन्त्री कार्कीले विश्वासको मत नलिने र राजीनामा पनि नलिने अडान राखेपछि एमाले र माओवादीले सरकार फेर्ने उदेश्यले संकल्प प्रस्ताव लगेका हुन्।

# स्मार्ट कृषि कार्यक्रमले फेरियो सन्धिखर्कका किसानहरुको दैनिकी

**सरु भुसाल/मध्यान्ह**
सन्धिखर्क, ३ वैशाख

सन्धिखर्क नगरपालिका वडा नं.१ र २ मा स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन भएसँगै यहाँका किसानहरु व्यावसायिक तरकारी खेतीमा लागेका छन्।

सन्धिखर्क नगरपालिकाको कुडूले फाँट, वृति फाँटर, सुक्मी फाँटका किसान अहिले परम्परागत कृषि खेती छाडेर मौसमी तथा बेमौसमी तरकारी खेतीतर्फ आकर्षित भएको कृषि ज्ञान केन्द्र अर्घाखाँचीका प्रमुख बुद्धि राज घिमिरेले बताए।

सन्धिखर्कमा आयोजित तालिम उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रमुख अतिथि घिमिरेले लुम्बिनी प्रदेश सरकारले स्मार्ट कृषि गाउँ कार्यक्रम लागू गरेपछि यस क्षेत्रका किसान पनि आधुनिक तथा प्रविधिमैत्री तरिकाले तरकारी खेतीमा लागेको घिमिरेले बताए।



आर्थिक वर्ष २०७७/७८ देखि लागू भएको स्मार्ट कृषि गाउँ कार्यक्रमबाट यस क्षेत्रका झण्डै ६० जना किसान तरकारी खेतीमा लागेको सन्धिखर्क स्मार्ट कृषि गाउँ कार्यसमितिका अध्यक्ष प्रेमनारायण भुसालले बताए। ६० जनामध्ये झण्डै ५० जना किसान व्यावसायिक कृषि पेसामा लागेको अध्यक्ष भुसालले बताए किसानको मागका आधारमा किसानलाई बीउ, मल तथा अत्याधुनिक उपकरणसमेत प्रदान गरेको सन्धिखर्कमा आयोजित तालिम उद्घाटन समारोहमा अध्यक्ष भुसालले बताए।

तरकारी खेतीलाई आधुनिकीकरण र व्यावसायिक बनाउन स्मार्ट कृषि गाउँ कार्यक्रमले आफूहरुलाई सहयोग गरेको भएपनि किसानहरु व्यवसायिक बन्न नसकेको तालिमले मात्रै किसानलाई नपुग्ने तालिममा सहभागी किसान गोपालप्रसाद खनालले बताए।

तालिममा सहभागी अर्का किसान गगन भुसालले किसानको मागका आधारमा मिनिटिलर, डिजिटल काटा, पानी तान्ने मोटर पम्प, स्केयर, प्लास्टिक टनेल जस्ता सामग्रीका साथै उन्नत जातका मौसमी तथा बेमौसमी तरकारीका बीउ मलसमेत किसानले समयमा प्राप्त गरेको भएपनि अझै प्रभावकारी बनाउन अनुरोध गरे।

किसानले उत्पादन गरेको तरकारी बिक्रीका लागि पनि कुनै समस्या नभएको बजार नजिक भएकाले पनि उत्पादन भएको तरकारी सन्धिखर्क र चुत्राबेंसीमा बिक्री वितरण हुने गरेको किसान सीता अर्याल पन्थीले बताइन्।

आधुनिक प्रविधिको प्रयोग गरी तरकारी खेती गर्दा उत्पादनमा वृद्धि भएको र समयको पनि बचत भएको किसान अम्बर श्रेष्ठले बताए। उत्पादित वस्तु स्थानीय बजारमानै खपत भएको र बढी भएमा छिमेकी आसपासका जिल्लामा बिक्री वितरण भएको किसान बन्दु नेपालीले बताए।

## सिस्नेखोलाबाट...

आयोजनका उपनिर्देशक गोविन्द दुमरुले बताए। सुरुङमार्ग सञ्चालनमा आएपछि काठमाडौंको बलम्बु हुँदै धादिङको सिस्नेखोलासम्म जम्मा ३ मिनेटमै पुग्न सकिने छ।

बि.सं.२०७६ कात्तिकमा निर्माण सुरु भएको सुरुङमार्ग २.६८८ किलोमिटरको छ भने आपतकालीन सुरुङ भने २.५५७ किलोमिटर रहेको छ। सुरुङ मार्ग प्रयोग गर्दा काठमाडौ तर्फ आउदाँ ३३ मिनेट र काठमाडौ बाहिर जादाँ २३ मिनेट समय बचत हुनेछ। नागढुंगा सुरुङ मार्ग निमार्णको लागि सन् २०१६ डिसेम्बर २२ मा जापान र नेपाल सरकार बिच सफट् ऋण सम्झौता भएको थियो। साढे २२ अर्ब कुल लागत रहेको सुरुङमार्गको १६.६ अर्ब जापानको ऋण सहयोग रहेको छ भने बाँकी लागत नेपाल सरकारको हो। जापान सरकारको जाइका मार्फत प्राप्त भएको ऋणको व्याजदर ०.०१ प्रतिशत तोकिएको छ भने सुरुको १० वर्ष मिनाहा सहित ४० वर्ष भित्र ऋण चुक्ता गर्नु पर्ने छ। काठमाडौ उपत्यका प्रवेश गर्ने मुख्य नाका नौबिसे काठमाडौ सडक खण्डमा पर्ने नागढुंगा सुरुङ मार्ग निमार्ण गर्नका लागि २०६९ माघमा सर्वोक्षण गरेर आयोजनाको प्रस्ताव गरिएको थियो।

ब्रेक थ्रु सँगै तिब्र गतिमा फिनिसिङको कामसँगै सुरुङभित्र लाइटिङ, अक्सिजन जडान, सडक ढलानको काम गर्ने आयोजनाका उपनिर्देशक दुमरुले बताए। सम्झौताअनुसार आयोजनाको समयावधि २०८० वैशाखमा सक्नु पर्ने थियो। तर कोभिडको कारण एक वर्ष ढिला भएको दुमरुले बताए। सुरुङमार्गको काम तिब्र गतिमा गर्ने हो भने अर्को वर्ष नागढुंगा उकालोबाट मुक्त हुने सकिनेछ। सुरुङमार्गमा पेट्रोलियम पदार्थ बोक्ने सवार ीसाधन, मोटरसाइकल र ओभरलोड सवारीले प्रयोग गर्न पाउने छैनन। सुरुङमार्ग निर्माणको काम जापानी कम्पनी हाज्मा एन्डो कर्पोरेसनले गरिरहेको छ।

## निवर्तमान...

नीति अवलम्बन गरिएको मन्त्री अर्यालले उल्लेख गरेका छन्। मन्त्री अर्यालले मन्त्रालयको नेतृत्व गरेपछि वैदेशिक रोजगारको पूर्वप्रस्थान अभिमुखीकरण तालिमका लागि तत्कालीन मन्त्री शरतसिंह भण्डारीको कार्यकालमा बढाइएको शुल्क खारेज, वैदेशिक रोजगारीमा जाने दक्ष श्रमिकका लागि अंग्रेजी भाषा तालिम कार्यविधि स्थगन, दक्षिण कोरियामा ईपीएस प्रणालीबाट कामदार पठाइरहेको अवस्थाका बीच इ-सेभन भिसामा समेत कामदार पठाउनेलगायतका विषयका कार्यविधि स्थगन गरेका थिए। त्यसलाई मन्त्री अर्यालले प्रगतिका रूपमा सार्वजनिक गरेका छन्।

## अब...

देखिने गरी नयाँ गन्तव्यका विषयमा सार्वजनिक हुनेछ। नेपाली कामदारका लागि युरोपेली मुलुकलगायतका देशमा सम्भावना खोजी गर्ने गृहकार्य भइरहेको छ।'


# Vacancy Announcement

One of the reputed recruitment manpower agency is seeking for following applicants.

Public Relation Officer (PRO) - 3 (Female) 2 (Male)

SALARY Negotiable

**Requirements:**
★ Educational qualification +2 pass.
★ Well knowledge of Basic Computer.
★ Minimum 2 years experience in the recruitment field.

*Interested candidates with experienced in the related field may apply their application with covering letter, updated CV and recent photograph at masia@newworldoves.com*

न्यू वर्ल्ड ओभरसिज सर्भिस प्रा.लि.
चाकुपाट, ललितपुर, नेपाल, फोन : ५२६८२२४६. Mobile No: 9801063549 , 9801232406
श्रम इजाजत पत्र नं. ११३/०७२/०७६



# कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **J.S.N. International Pvt. Ltd.** (**श्रम इजाजत पत्र नं. १२१४/०७३/०७४**) मा कार्यरत निम्न कर्मचारीहरु हाल यस कार्यालयमा कार्यारत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि कार्य/आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे/गरायमा यस प्रा.लि. जिम्मेवार हुने छैन। साथै कुनै दावी विरोध भएमा ७ दिनभित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभागमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ।

| S.N | कर्मचारीको नाम | नागरिकता नं. |
|---|---|---|
| 1 | Min Bahadur Thapa | 361040/620 |
| 2 | Nim Prasad Chaudhary | 5453 |
| 3 | Dhirendra Shahi | 651015-293 |
| 4 | Sunita Gurung | 261/13746 |
| 5 | Resham Chaudhary | 253058/196 |

J.S.N. International Pvt. Ltd.
P.Box No.: 9883, Samakhusi, Ranibari, Kathmandu, Tel : 01- 4359573, 01- 4364548
E-mail-jsninternational1@gmail.com, Web.: jsninternational.com.np
श्रम इजाजत नं. १२१४/०७३/०७४



Province Government
Lumbini Province
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate
**Road Infrastructure Development Office**
Gulariya, Bardiya

**Issuance of Letter of Intent to Award the Contract**

**Date of Publication: 2081/01/04**

As per Public Procurement Act 2063, Section 27, this is to notify to all bidders that, it is our intention to award the contract to following listed bidders, the notice of which was published on 2080/11/08 (February 19, 2024) for execution of the Construction of trail bridge as corrected in accordance with the Instructions to Bidders is hereby selected as substantially responsive lowest evaluated bid.

| S. N. | Lowest Evaluated Bidder | Name of Project | Contract Identification No. | Bid Amount Including VAT & P.S. (Nrs.) |
|---|---|---|---|---|
| 1 | M/S Rujan K. Nirman Sewa Pvt.Ltd, Khotang Diktel. | 11.7.2.48 Construction of Thakurbaba 3 Tallo Godana bat ward no 9 Bantariya jodne Aurahi Khola jho.pu | RIDO/ BARDIYA/W/NCB/ BRI-67-080-81(Re) | 2,97,90,939.26 |

Office Chief



# यूएईमा रोजगार

कम्पनी: AL FAARA BUILDING MAINT L.L.C
शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०१/०३ चलानी नं: ६०२१८३२७ LT. No.: 303419

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Steel Fixer | 100 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,५१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Mason | 100 | 0 | | 1200 | ४३,५१२ | | | | | | | |
| 3. | Carpenter | 100 | 0 | | 1200 | ४३,५१२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ बैशाख ११ गते (23 April 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्योर्हने | रोजगारदाता कम्पनीले ब्योर्हने | रोजगारदाता कम्पनीले ब्योर्हने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्होने | रोजगारदाताले व्होर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला।

सिद्ध ग्लोबल सर्भिसेज प्रा. लि.
इजाजत नं. ९३४/०६७/०६८
बसुन्धारा-३, काठमाडौं, नेपाल, फोन नं. : ४९७०१४२, ४९७०१४३
Email: info.siddaglobalservices@gmail.com, Website: www.siddhaglobalsevices.com



Government of Nepal
Ministry of Urban Development
Department of Local Infrastructure (DOLI)
**Local Infrastructure Development Project Office (LIDPO)**
Karnali Province, Birendranagar, Surkhet

**Invitation for bid**

**Date of publication: 2081/01/02**

Local Infrastructure Development Project Office, Surkhet invites for the "Contstruction of Raikar Bathaandanda Dob-Timmure-Hile-Dapcha-Botechaur Road, Surkhet" (Contract Identification No: LIDPO/Surkhet/RC/W/NCB 01/2080-81) and Upgrading Work of Madanichaur Ring Road, Bheriganga-10-Surkhet (Contract Identification No: LIDPO/Surkhet/RC/W/NCB-02/2080-81)" Eligible contractor may download the bid document for e-submission from PPMO's Website www.bolpatra.gov.np/egp and shall submit the form before the date of 2081/02/01, 12:00 PM.

Office Chief

# ‘शहर पुगेकाहरुलाई गाउँ फर्काउ अभियानमा सरकार लाग्छ’

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ३ वैशाख



लुम्बिनी प्रदेशका मुख्यमन्त्री जोग बहादुर महराले शैक्षिक क्षेत्रको विकास सोचेजस्तो हुन नसकेको बताएका छन् । मुख्यमन्त्री महराले अबको जमाना विद्यार्थीहरुलाई किताबका कुरा घोकाउने नभइ आधुनिक प्रविधिमार्फत अध्यापन गराउने रहेको बताए । उनले त्यस्तो वातावरण बनाउनका लागि सरकारले नयाँ योजना अगाडि सार्ने बताए ।

अर्घाखाँचीको मालारानी गाउँपालिका वडा नम्बर ५ मा रहेको शान्ति माध्यमिक विद्यालयको हिरक महोत्सवको उद्घाटन गर्दै मुख्यमन्त्री महराले नेपाली श्रमिकहरुको श्रमले देशभित्र मूल्य नपाउँदा धेरै जनशक्ति विदेशिएको बताउँदै अब विदेशी विधार्थी नेपालमा पढ्न आउने वातावरण सिर्जना गर्नुपर्नेमा जोड दिए । महराले आफ्नो नेतृत्वमा बनेको वर्तमान सरकारले कुराभन्दा काम गरेर देखाउने बताए । उनले गाउँबाट शहर र विदेश पुगेको जनशक्ति गाउँमा फर्काउने वातावरण सरकाले बनाउने दाबी गरे ।

सोचेअनुसारको विकास नहुनुको मुख्य जड कामभन्दा कुरा बढी गर्ने प्रवृत्ति रहेको भन्दै महराले भने, ‘अहिलेको सरकारले कामबाटै लुम्बिनी प्रदेशका जनताको विश्वासलाई पूरा गरेर देखाउने छ ।’ लुम्बिनी प्रदेश सरकारले केही दिनमै पूर्णता पाउने बताउँदै मुख्यमन्त्री महराले बिना विभागीय मन्त्रीहरुलाई जिम्मेवारी तोक्ने तयारी भइरहेकोको बताए ।

कार्यक्रममा पूर्वमन्त्री सुशीला श्रीपालीले अर्घाखाँचीको विकासमा आफूले धेरै नयाँ योजनाहरु संघीय सरकारमार्फत जिल्लामा भित्र्याएको दाबी गरिन् । कार्यक्रममा संघीय सांसद बिजुला रायमाझीले सबै जिल्लावासी एकजुट भएर जिल्लाको विकासमा हातेमालो गर्नुपर्ने बताइन् । हिरक महोत्सवमा लुम्बिनी प्रदेश सरकारका मन्त्री चेतनारायण आचार्यले लुम्बिनी प्रदेशको विकास निर्माणमा सरकारको स्रोतसाधनले भ्याएसम्मका काम गरिने बताए ।

कार्यक्रममा सन्धिखर्क नगरपालिकाका प्रमुख कृष्णप्रसाद श्रेष्ठ, मालारानी गाउँपालिकाका अध्यक्ष दल बहादुर भट्टराई, प्रमुख जिल्ला अधिकारी सुर्य बहादुर खत्रीलगायत कार्यलय प्रमुखहरु, जनप्रतिनिधिहरु, विभिन्न राजनीतिक दलका नेताहरु, पत्रकार महासंघ अर्घाखाँचीका अध्यक्ष अशोक खनाललगायतको उपस्थिति रहेको थियो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चन्द्र बहादुर खड्काको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालयका प्रअ मानबहादुर पाण्डेले प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए ।

# सैनिक प्रवक्ताको जिम्मेवारी केसीलाई हस्तान्तरण



**काठमाडौं/मस-** सैनिक जनसम्पर्क तथा सूचना निर्देशक एवम् नेपाली सेनाको प्रवक्ताको जिम्मेवारी सहायक रथी गौरवकुमार केसीले सम्हालेका छन् ।

यसअघिका प्रवक्ता एवम् सहायक रथी कृष्णप्रसाद भण्डारीले सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयमा सोमबार आयोजित कार्यक्रममा सहायक रथी केसीलाई औपचारिकरुपमा प्रवक्ताको कार्यभार हस्तान्तरण गरेका हुन् ।

त्यसअवसरमा सहायक रथी भण्डारीले प्रवक्ताको जिम्मेवारीमा रहने क्रममा आमसञ्चार जगतका सबै सञ्चारगृह, प्रकाशक, सम्पादक र विशेषगरी रक्षासग सम्बन्धित विटमा कार्यरत पत्रकारबाट भएको सद्भाव, सुभेच्छा र सहयोगका लागि आभार व्यक्त गरे ।

प्रवक्ताको जिम्मेवारी पाएका केसीले नेपाली सेना र आमसञ्चार जगतबीचको सम्बन्ध र सहयोग आगामी दिनमा थप प्रगाढ र सुमधुर रहने विश्वास व्यक्त गरे । प्रवक्ता केसी यसअघि पोखरास्थित ३ नम्बर बाहिनी अड्डा प्रमुख थिए भने सहायक रथी भण्डारीको सैनिक अभिलेखालयमा सरुवा भएको छ ।

## वैदेशिक रोजगारका नाममा ठगी गर्ने पक्राउ

**काठमाडौं/मस-** वैदेशिक रोजगारमा आकर्षक तलबको प्रलोभनमा देखाइ विभिन्न देश पठाइदिन्छु भनी ठगी गरेको अभियोगमा ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा भक्तपुर सूर्यविनायक नगरपालिका-७ घर भई काठमाडौं महानगरपालिका-९ सम्भूमार्ग बस्ने २७ वर्षीय पवन केसी, मुगु खत्याड गाउँपालिका-८ घर भई काठमाडौं कोटेश्वर बस्ने २३ वर्षीय नमराज रावत र भोजपुर टम्केमैयङ गाउँपालिका-३ घर भई ललितपुर ताल्छीखेल बस्ने २६ वर्षीय सङघर्ष राई रहेका छन् ।

पक्राउमध्ये पवनले दुबई पठाइदिन्छु भन्दै १ जना पीडितबाट ४ लाख ९० हजार रूपैयाँ ठगी गरेको, नमराजले रसिया पठाइदिन्छु भन्दै १ जना पीडितबाट ३ लाख रूपैयाँ ठगी गरेको र सङघर्षले युरोपका देशहरू पठाइदिन्छु भन्दै १३ जना पीडितहरूबाट ७४ लाख ९५ हजार रूपैयाँ ठगी गरेको खुल्न आएको छ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले पवनलाई काठमाडौं सम्भूमार्गबाट, नमराजलाई काठमाडौं नयाँ बानेश्वरबाट र संघर्षलाई काठमाडौं बालाजुबाट पक्राउ गरेको हो ।

## ठाकुरबाबा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**सैनवार, बर्दिया**
**लुम्बिनी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०८१/०१/०३**

यस कार्यालयको तपशिलमा उल्लेखित खरिद कार्यहरुको लागि प्रकाशित सार्वजनिक सूचना बमोजिम नियमानुसार म्याद भित्र पर्न आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमका बोलपत्र न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतीका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| सूचना नं | विवरण | स्वीकृत हुने फर्मको नाम | कबोल अंक (मु.अ.कर सहित) |
|---|---|---|---|
| TBM/W/NCB-31/079/80 | Sainawar Chowk dekhi Bawanpur Chowk samma Nala Nirman | श्री आर.वि कन्स्ट्रक्सन बिरेन्द्रनगर -०१, सुर्खेत | २८,१९,४९८।४१ |
| TBM/W/SQ-36/2080/81 | Supply and Installation of Humpipe and Electric Pole in Different Location Within Thakurbaba Municipality | श्री दिप निर्माण सेवा गुलरिया न.पा.-०४, बर्दिया | ८८,९,४१३।९५ |
| TBM/W/SQ-37/2080/81 | Jaleshower Mandir Thap Nirman | बोहोरा कन्स्ट्रक्सन बारबर्दिया ०२, बर्दिया | १३,७९,०८८।५५ |

## लेटाङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

लेटाङ, मोरङ
कोशी प्रदेश,नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सार्वजनिक सूचना

सूचना प्रकाशित मितिः २०८१।०१।०४

लेटाङ नगरपालिका आ.व. २०८०।०८१ मा (IFB no.: LM/MOR/NCB/W/02/2080-81, Construction of inter religious peace monuments) का लागि २०८०।१०।२६ मा बोलपत्र आव्हानको सार्वजनिक सूचना प्रकाशन गरिएकोमा तपसील बमोजिमको न्यूनतम मूल्याङ्कित बोलपत्र सारभुत रुपमा प्रभावग्राही ठहर भई स्वीकृत गरिने भएकोले सार्वजिनक खरिद ऐन, २०६३ को दफा २७(२) को प्रयोजनार्थ सम्वन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

**तपसील**

| क्र.सं. | ठे.नं. | कार्य विवरण | घटी कवोल गर्ने घटी कवोल गर्ने नि.व्या.नाम | ठेगाना | बोलपत्र/दरभाउपत्रमा घटी कवोल रकम मु.अ.कर र पि.एस. बाहेक | ला.अ.मा घटी % |
|---|---|---|---|---|---|---|
| 1 | LM/MOR/NCB/W/02/2080-81 | Construction of inter religious peace monuments | फुलमुन डेभेलपर्स | तिनकुने, काठमाडौं | ५,९८,८६,५४४।३० | २३.९% |

प्रमुख प्रशासकीय अधिकृत

पुनः विज्ञापन
# Europe को Romania मा रोजगारको अवसर

**Andvis Imob Srl** पूर्व स्वीकृती मितिः २०७९/०३/१४ चलानी नं. ६०१८१९९३ LT.No. 266041

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cook | 04 | 00 | कामामा दक्ष तथा अनुभवी | 650 | ८६,५२२।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | १ वर्ष |
| २. | Cook Helper | 09 | 00 | | 550 | ७३,२११।- | | | | | | | |
| ३. | Bakery/Pastery Maker | 02 | 00 | | 550 | ७३,२११।- | | | | | | | |
| ४. | Caregiver | 00 | 05 | | 600 | ७९,८६७।- | | | | | | | |
| ५. | General Worker | 02 | 04 | | 550 | ७३,२११।- | | | | | | | |
| ६. | Cleaner/Housemaid | 01 | 05 | | 550 | ७३,२११।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले ब्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | रु. ४०,०००/- कामदार आफैले |

अन्तरवार्ता २०८१ बैशाख १०, ११, १२ र १३ गते (22, 23, 24 & 25 April, 2024) यस प्रा. लि. को कार्यालय बासबारी, काठमाडौंमा हुनेछ ।

TMS TIMES MANAGEMENT SYSTEM PVT. LTD. श्रम ईजाजत नं.: ९४४/०६७/६८
Bansbari, Kathmandu-3, Nepal, Tel: 01-5906211, 9802354881
Email: timesmanpower944@gmail.com | Web : www.tmsnepal.com.np

# Mauritius मा रोजगार
Company : ABKID Limited

पूर्व स्वीकृती मितिः २०८१/०१/०२ चलानी नं. ६०२१८३०५ LT.No. 303475

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Housekeeping Technicians | 6 | कामामा दक्ष | 16500 | ४७,४४७।- | नियम अनुसार | ८ घण्टा | ६ दिन | नियम अनुसार | छ | छ | [illegible] वर्ष |
| २. | Landscaper | 5 | | 16500 | ४७,४४७।- | | | | | | | |
| ३. | Maintenance Technician | 10 | | 16500 | ४७,४४७।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले ब्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०८१ वैशाख ११ गते (23 April, 2024) यस प्रा. लि. को कार्यालय बसुन्धरामा, हुनेछ ।

Arte Global Skills Recruitment Pvt.Ltd Govt. Lic. No. 1663/080/081
Tokha-5, Basundhara, Tel.: 01-4971735, 4971736, 9706533155
Email: cv@arterecruitment.com | Web: www.arterecruitment.com.np

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट बैक बाट ग बर्गको इजाजतपत्र प्राप्त संस्था)

ॐकार विल्डिङ्ग (दोस्रो तल्ला) नयाँ बानेश्वर, काठमाण्डौं
जि.पि.ओ. बक्सः २३१७०, काठमाण्डौं, नेपाल
फोन नं. ९७७-१-४७९२५१७, फ्याक्स : ९७७-१-४७९२५१७
Web: www.manjushreefinance.com.np
Email: info@manjushreefinance.com.np

### कर्जा चुक्ता/नियमित गर्न, गराउन आउन तथा नआएमा कालोसुचिमा राख्ने बारेको ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८१/०१/०४**

यस वित्तीय संस्थाको शाखा कार्यालय, नारायणगढबाट कर्जा लिने देहायमा उल्लेखित ऋणीले ऋण लिदा गरिदिनु भएको लिखत र कर्जा स्विकृत पत्रको शर्तमा तोकिए बमोजिम वित्तीय संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता रकम म्याद भित्र चुक्ता-भुक्तान नगर्नु भएकोले यस वित्तीय संस्थाबाट पटक-पटक मौखिक, लिखित, फोन, तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाउनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । उक्त म्याद भित्र यस वित्तीय संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुरहरु समेतका लेना रकम बुझाउनु हुन/बुझाउन लगाउनु हुन सम्बन्धीत ऋणी तथा सम्बन्धीत पक्षहरुलाई सूचित गरिएको छ । उक्त सूचनाको म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम वित्तीय संस्थालाई चुक्ता भुक्तान नगरी अटेर गरि बसेमा तपाई ऋणी वा तपाईको एकासगोल परिवारका नाउँमा रहेको अन्य चल-अचल श्री सम्पत्ति एवं ऋण लिदाका बखत जमानि दिनेका नाममा रहेको वा निजको हकको चल-अचल श्री सम्पत्ती समेतबाट समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी वित्तीय संस्थाको लेना रकम असुल उपर गरि लिने तथा तपाई ऋणी तथा सम्बन्धीत अन्य पक्षहरुलाई समेत नेपाल राष्ट्र बैंकबाट क, ख र ग वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०८० को १२(९) बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत पूर्व जानकारीका लागि यो सूचना प्रकाशित गरि सूचित गरिएको छ ।

**तपशिल**

| १. ऋणीको विवरण | व्यक्तिगत जमानी दिनेको विवरण |
|---|---|
| **कर्जाको प्रकार : प्रोफेशनल आवधीक कर्जा**<br>**ऋणी : रुपक शर्मा पौडेल**<br>बाबु : विश्वनाथ पौडेल<br>बाजे : टिका दत्त पौडेल<br>ना.प्र.नं : १५४०९/०६१<br>जारी मिति : २०६१/०३/३०, जि.प्र.का. : चितवन<br>ठेगाना : चितवन जिल्ला भरतपुर उ.म.न.पा./ गा.वि.स. वडा नं. १२, को परिवर्तीत भरतपुर महानगरपालिका वडा नं. १२ । | **व्यक्तिगत जमानिकर्ता : नमराज अर्याल**<br>बाबु : ओम प्रकाश अर्याल<br>बाजे : चुडामणी अर्याल<br>ना.प्र.नं. : ३६३००५/९६७<br>जारी मिति : २०६३/१०/२६, जि.प्र.का : नवलपरासी<br>ठेगाना : नवलपरासी जिल्ला, गैडाकोट गा.वि.स. वडा नं. ०४, को परिवर्तीत गैडाकोट न.पा. वडा नं. ०४ । |

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd. Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.oscegmail.com
थप जानकारीको लागि QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonemos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
४ वैशाख २०८१, मंगलबार
16 April 2024, Tuesday

सम्पादकीय

# आशा जगाउने परिणाम

नेपालमा केही हुँदैन वा नेपाल विकासको गतिमा साह्रै पछाडि छ भन्ने आम निराशालाई कम गर्ने एउटा परिणाम हात लागेको छ। त्यो हो – काठमाडौंलाई बाहिरी जिल्लासँग जोड्ने नागढुंगा–सिस्नेखोला सुरूङमार्ग छिचोलिनु (ब्रेक थ्रु हुनु)। सरकारले राष्ट्रिय गौरवको आयोजनाको रूपमा अगाडि बढाएको सुरूङमार्ग साढे चार वर्षमै ब्रेक थ्रु भएको छ। २.६८८ किलोमिटरको सुरूङमार्ग निर्धारित समयभन्दा केही ढिलो तर, अन्य राष्ट्रिय गौरवको आयोजनको तुलनामा छिटो अगाडि बढेको हो। नागढुंगा क्षेत्रमा हुने ट्राफिक जाम, उकालो सडक, सुरक्षा वर्षायाममा हुने पहिरोको जोखिम लगायत समस्या समाधान गर्ने परिकल्पना गरिएको नागढुंगा–सिस्नेखोला सुरूङमार्ग छिचोलिएसँगै नेपालको सुरूङमार्ग तर्फको यात्रासुरू भएको छ। यसले उपत्यकाबाट बाहिरिने सडकको अवस्था सुधार गरी यात्रा समय र यातायात सञ्चालन खर्च घटाउने सरकारको अपेक्षा छ।

नेपालमा सडक सुरूङमार्गका रूपमा पहिलो सुरूङ मकवानपुरमा रहेको चुरियामाई सुरूङमार्ग रहेको ऐतिहासिक तथ्य भेटिन्छ। चुरियामाई सुरूङमार्ग सन १९१७ मा चन्द्र शमशेरले बनाएका थिए। त्यसपछि सडकमा ठप्प रहेको सुरूङ प्रयोगमा पनि ब्रेक लागेको छ। माथिल्लो मर्स्याङ्दी जलविद्युत आयोजनाले आफ्नो प्रयोजनका लागि लमजुङमा बनाएको ३ सय ४० मिटर लामो सुरूङमा यातायात चल्छन्। तर, यो व्यावसायिक सडक प्रयोजनमा बनेको होइन। माथिल्लो तामाकोसी आयोजनाले बनाएको ३ सय ३७ मिटर लामो सुरूङमा पनि यातायात चल्छन्। तर, नागढुंगा भने व्यस्त राजमार्गमा बनेको पहिलो र सबैभन्दा लामो सुरूङ मार्ग हो।

सोमबारको दृश्य नेपालले चार दशक अगाडि देखेको सपना थियो। २४ वर्षअघि अध्ययन सुरू भएको थियो। जापानी सहयोग नियोग (जाइका) ले वि.स.२०५८ सालमा काठमाडौं–नौबिसे सडक विस्तारको सम्भाव्यता अध्ययन गरेको थियो। जाइकाले वैकल्पिक मार्गका लागि नेपाल सरकारलाई सुझाव दिएको थियो। उक्त सुझाव अनुसार २०६९ सालमा नेपाल सरकारले नागढुंगामा सुरूङ बनाउने निर्णय गरेको थियो। २०७० सालमा सडक विभागले प्रारम्भिक अध्ययन प्रतिवेदन बनायो। त्यस प्रतिवेदन अनुसार अघि बढेको सरकारले २०७६ बाट काम सुरू गरेको थियो। सोमबार सुरूङमार्ग नै छिचोलिएको छ। आम निराशाका बीच हात लागेको यो परिणामले आम रूपमै आश जगाएको छ। यस किसिमको आशालाई निरन्तरता दिन सरकारले अन्य ठूला र राष्ट्रिय गौरवका आयोजनालाई पनि तिव्रता दिन जरूरी छ। राज्यले आश जगाउन सके जनताले आफैँ समृद्धिमा सपना देख्छन्। यो तथ्यमा यसमा राज्य गम्भीर बन्न जरूरी छ।

# वैदेशिक रोजगार : रहर कि बाध्यता ?

*तत्कालको सन्दर्भमा एकातिर पठाउने श्रमिकहरूलाई विशेष पूर्वतयारी गराउनु आवश्यक छ भने अर्कोतर्फ वैदेशिक रोजगारमा पठाउनेका नाममा भइरहेका ठगीप्रति संवेदनशील हुनु जरूरी छ।*

अग्रलेख



● सपना थापा

वैदेशिक रोजगार आम नेपालीको बाध्यता बनेको छ। जब आधारभूत विषयमै व्यक्ति सकसका पर्दछ, तब उसको अन्तिम विकल्प भनेकै वैदेशिक रोजगार हुने गरेको छ। आज स्वदेशमा रोजगारीको सहज उपलब्धता छैन, त्यसैले ऊ वैदेशिक रोजगारलाई नै निर्विकल्प देख्दछ र विदेश धाउँछ। यो उसको बाध्यता हो।

पर्याप्त उत्पादनशील र आयमूलक रोजगारीका अवसरहरूको सिर्जना स्वदेशमै गर्नु नै स्थायी समाधान हो। आफ्नो रोजाइ मुताबिकको काम गर्न पाउनु प्रत्येक नागरिकको अधिकार हो। वर्तमान संविधानले गास, बास, कपास र शिक्षा, स्वास्थ्यसँगै रोजगारी पाउने अधिकारलाई पनि मौलिक हकको रूपमा राखेको छ। संवैधानिक हिसाबले पनि रोजगारीको सुनिश्चितता गर्नु राज्यको दायित्व हो। तर, रोजीरोटीको व्यवस्थापनसमेत गर्न नसक्ने अनि अरु धेरै कुरा गर्छु भन्नुको कुनै तुक हुँदैन। नेपालका युवामा नेपालभित्रै रोजगारीको सम्भावना र भविष्य देखाउन नसक्नु राज्यको कमजोरी हो।



### बाध्यात्मक रोजगारभित्रका चुनौती

फेरि वैदेशिक रोजगारलाई गलत कोणबाट पनि बुझ्न आवश्यक छैन। अहिले नेपाल मात्रै होइन, विश्वका जुनसुकै कुनाबाट जुनसुकै कुनामा पनि रोजगारी गर्ने अवस्था विकास भएको छ। यद्यपि, कस्तो प्रकृतिको रोजगारी भन्ने मात्रै हो। नेपालको सन्दर्भमा विशेषगरी अदक्ष र बौद्धिकभन्दा श्रमसँग सम्बन्धित काम गर्ने व्यक्ति वैदेशिक रोजगारीमा गएको अवस्था छ। जुन आफैंमा जोखिम र चुनौतिपूर्ण छ। यद्यपि, यसलाई कम चुनौतिपूर्ण पनि बनाउँदै लैजान सकिन्छ।

तत्कालको सन्दर्भमा एकातिर पठाउने श्रमिकहरूलाई विशेष पूर्वतयारी गराउनु आवश्यक छ भने अर्कोतर्फ वैदेशिक रोजगारमा पठाउनेका नाममा भइरहेका ठगीप्रति संवेदनशील हुनु जरुरी छ। विदेश जाने नेपाली कामदारहरू फोहोरी, खतरनाक र कठिन काम गर्दै मृत्यु, जेल र जबरजस्ती देश निकालाको अवस्थामा पुग्न बाध्य हुन्छन्। महिला हिंसा, असमानता, मानवतस्करी र अनियन्त्रित युवा श्रम पलायनलाई निरुत्साहित गर्ने कुरामा कहीँ कतै र कोही कसैसँग पनि सम्झौता हुनु हुँदैन। गैरकानुनी हैसियत भएकालाई काममा लगाउने रोजगारदातालाई कारबाही गरिनुपर्छ। वैदेशिक रोजगार नेपालीहरूका लागि आर्थिक समृद्धिको अवसर हो र यसबाट नेपालले मनग्य फाइदा लिन सक्नुपर्छ।

### वैदेशिक रोजगार ऐन

वैदेशिक रोजगार ऐन कामदारमुखी नभएर व्यवसायमुखी भएको गुनासो छ। कामदारको हित पहिलो सर्त हो। कामदार र व्यवसायी सबैको दायित्व ऐनमा तोकिनुपर्छ। वैदेशिक रोजगारीमा गइसकेपछि बिना आधार काम मन परेन भनेर व्यवसायीलाई दोष दिन पाइँदैन। पूर्व स्वीकृतिमा

*वर्तमान संविधानले गाँस, बास, कपास र शिक्षा, स्वास्थ्यसँगै रोजगारी पाउने अधिकारलाई पनि मौलिक हकको रूपमा राखेको छ। संवैधानिक हिसाबले पनि रोजगारीको सुनिश्चितता गर्नु राज्यको दायित्व हो। तर रोजीरोटीको व्यवस्थापनसमेत गर्न नसक्ने अनि अरू धेरै कुरा गर्छु भन्नुको कुनै तुक हुँदैन।*

कामको पूर्ण विवरण नखुल्ने भएकाले यो व्यवस्था खारेज गर्नुपर्ने, पूर्वस्वीकृति लिनैपर्ने भए अन्तिम स्वीकृति लिँदा पेश हुने करारनामा मान्य हुने गरी मागपत्रका आधारमा लिन पाउने व्यवस्था गर्नुपर्ने, अनावश्यक खर्च बढाएको हुनाले विज्ञापन गर्नुपर्ने प्रावधानलाई हटाउनुपर्ने, आर्थिक चलखेलले प्रश्रय पाउने भएकाले म्यानपावर कम्पनीले छनोट गरेको कामदारको सूची पेश गर्नुपर्ने व्यवस्थालाई खारेज गर्नुपर्ने, पूर्वस्वीकृतिका लागि पेश गरेको विवरण दुरुस्त मिलेमा श्रम स्वीकृति दिने प्रावधानको सट्टा करारनामाको आधारमा श्रम स्वीकृति दिने प्रावधान राख्नुपर्नेलगायतका कुराहरू वैदेशिक रोजगार ऐनमा संशोधन गर्नुपर्ने देखिन्छ।

### शून्य लागतको प्रश्न

नेपाल सरकारले विश्वका १०९ देशमा नेपाली कामदारलाई रोजगारीका लागि खुला गरेको छ। तर, हालसम्म जम्मा १० वटा देशसँग मात्रै श्रम समझदारी र सम्झौता गरेको छ। जसका कारण आकर्षक देशमा रोजगारीमा गएका नेपाली कामदार जोखिममा पर्ने गरेका छन्। कतार, संयुक्त अरब इमिरेट्स, बहराइन, दक्षिण कोरिया, इजरायल, जोर्डन, मलेसिया, मौरिसस, जापान र बेलायतसँग नेपाली कामदार पठाउने विषयमा समझदारी र सम्झौता गरिएको छ। २०७२ असार २१ गतेको राज्यमन्त्री स्तरीय निर्णयबाट लागू गरिएको फ्रि भिसा, फ्रि टिक तथा शून्य लागतमा वैदेशिक रोजगार व्यवसायीको असहमति रहेको छ। असहमतिका बाबजुद पनि उनीहरूले कामदार पठाइरहेका छन्। विश्वव्यापी भर्ना अभ्यास र आप्रवासी श्रममा लागू हुने अन्तराष्ट्रिय कानुनअनुसार भर्नासँग सम्बन्धित खर्च रोजगारदातालाई बहन गराउने नीति छ। यस नीतिअनुसार रोजगारदाताले म्यानपावर कम्पनीलाई सेवा शुल्क नदिएको अवस्थामा मात्र म्यानपावर कम्पनीले कामदारसँग बढीमा १० हजार नेपाली रुपैयाँ लिन सक्छन्।

सन् २०१५ जुलाईमा नेपाल सरकारले मलेसियासहित ७ प्रमुख गन्तव्य देशका लागि फ्रि भिसा, फ्रि हवाई टिकटको नीतिलाई अवलम्बन गर्ने निर्णय गरेको थियो। शून्य लागतमा कामदार भर्ना गर्ने भनिए पनि मलेसियाको ग्लोब्स, इलेक्ट्रोनिक्स र प्लान्टेसनमा मात्रै कार्यान्वयनमा छ। मलेसियामा भिसा दिने व्यवस्थादेखि चलखेल हुने गर्छ। एजेन्सीहरूबीच पैसाको लेनदेन हुन्छ। शून्य भर्ना शुल्कको सम्झौता मलेसियाले नेपालबाहेक अन्य देशसँग गरेको छैन।

### नागरिकको अपेक्षा

नागरिकको अपेक्षालाई पूरा गर्न नसक्ने हो भने त्यो व्यवस्थाले अवस्थामा कुनै परिवर्तन ल्याउन सक्दैन। सत्ता र राजनीतिमा पात्र र परिस्थिति संयोग मात्र हुन्। मुख्य कुरा त व्यवस्था नै हो। त्यसैले नागरिकको अवस्थामा बदलाव ल्याउन विद्यमान संसदीय गणतन्त्रलाई प्रत्यक्ष कार्यकारी शासकीय स्वरूपका समाजवादी व्यवस्थापनले प्रतिस्थापन गर्नुपर्छ। 'डेट एक्स्पायर' विचार र राजनीतिले नयाँ पुस्ताको अपेक्षा र आवश्यकतालाई बुझ्न सक्दैन। समाजवादी व्यवस्थाले कोही नयाँ शक्तिलाई नेतृत्वमा पुर्‍याउने होइन : नयाँ विचार, मूल्य मान्यता र राजनीतिलाई स्थापित गर्ने हो। त्यसले मात्र हाम्रो समाजवाद र समृद्धिको सपनालाई साकार रूप दिन सक्दछ।

## सामाजिक सञ्जाल



- मदन खरेल

पुराना पार्टीहरूले नैतिकताहिन काम वा राजनीति गरे, अब नयाँले पनि उस्तै गर्नुपर्छ भन्ने सोचले केही दिन बढी कुर्सीमा त अडिएला तर, त्यसले नेपाली राजनीतिमा नवयुवाहरूको राजनीतिक प्रवेश र परिवर्तनप्रतिको अपेक्षामाथि कुठाराघात हुनेछ। पुराना दलहरूको नयाँ दललाई फसाउने चाल सफल !



- गोकुल बाँस्कोटा

साम्राज्यवादले मानवताका लागि होइन, स्रोत र बजारमाथिको एकल प्रभुत्व कायम गर्न दशकौंदेखि संसारभर युद्ध निर्यात गरेर मूलत अफ्रिका र एशियाली देशमाथि अथाह शोषण जारी राखेकै थियो। तर, यस पटक रूसलाई तह लगाउन युक्रेनमा कोरेको एककाँटी सलाईले इजरायल इरान हुँदै अन्तमा उस्कै टाउको जलाउँछ जस्तो छ।



